उपस्थिति महानुभावहरु,

हाम्रा सामु रहेका विकास निर्माणका विभिन्न चुनौति तथा समस्याका बावजुद पनि भागेश्वर गाउँपालिकाले चालु आ.व.२०८०/०८१ मा सम्पन्न गरेका केही महत्वपूर्ण योजनाहरुको उपलब्धीको वारेमा तथ्यगत विषय प्रस्तुत गर्न चाहन्छु ।

- सडक पूवार्धार तर्फ चालु आ.व.२०८०।०८१ मा २४ किलोमिटर १३५ मिटर सडक निर्माण गरि विभिन्न धार्मिक तथा पर्यटकीय स्थलसम्मको पहुँचमा सहजता ल्याईएको छ भने दुरदराजको वस्तिमा रहेका नागरिकहरुलाई यातायातको सुविधासँग जोड्ने काम सम्पन्न गरिएको छ ।
- गत. आ.व.२०७९।०८० मा संचालन भएको वडा नं. ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई नयाँ भवनबाट सेवा सुचारु गरिएको छ । चालु. आ.व.मा संचालित वडा नं. २ को लेकुडा वर्थिङ सेन्टरको भवन र वडा नं. ५ को वर्थिङ सेन्टर भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । वगरकोट स्वास्थ्य चौकी भवन र १० शैयाको अस्पताल निर्माणको चरणमा रहेको छ ।
- भगेश्वर गाउँपालिकाका ५ ओटै वडाहरुमा एकिकृत स्वाथ्य शिविर संचालन गरिएको छ जसमा ९९८ सेवाग्रहीले स्वास्थ्यलाभ प्राप्त गरेका छन् । स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धिका लागि स्थलगत अनुशिक्षण कार्यक्रम संचालन गरि ४१ जना कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्य गरिएको छ । गर्भवती जाँचका लागि भिडियो एक्सरे घुम्ती शिविर पाँचवटै वडामा संचालनमा रहेको छ ।
- चालु आ.व.मा कृषि क्षेत्रमा विनियोजन भएको बजेटबाट १०४ जनालाई २०८ क्वीन्टल आलु विउ वितरण गरिएको, ७८ जना किसानलाई च्याउखेती प्रवर्द्धनको लागि ५०० पोका च्याउ विउ उपलब्ध गराईएको, किवि खेती विस्तारको लागि ४०० जना कृषक र २ विद्यालयमा २०० किवको वोट उपलब्ध गराएको, ५२ जना मौरीपालन कृषकलाई सामग्री वितरण, ११६ जना कृषकलाई १३५ वटा मेटलविन वितरण, २८ जना कृषकलाई गहुँको विउ र १६३ कृषकलाई धान, मकै विउको मिनिकिट वितरण गरिएको छ । ३ रोपनी भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्ने ५३ जना कृषकलाई नगद अनुदान उपलब्ध गराईएको, कागती खेतीको लागि ७६ जना कृषकलाई अनुदान उपलब्ध गराईएको छ भने १९ वटा कृषक समूहलाई मिनिटिलर वितरण गरिएको छ । यसै आ.व.मा गाउँपालिकामा रहेको शित भण्डार समेत संचालनमा ल्याई आलु विउ भण्डारण गर्ने कार्यको शुरुवात गरिएको छ ।
- पशु सेवा ईकाईबाट सुनौला हजार दिनका महिला तथा विपन्न समुदायका महिला समूहहरुलाई आय आर्जन बृद्धिका लागि ७५ जना कृषकलाई १५० वटा बाखा वितरण गरिएको छ । नियमित पशुपन्छी उपचार अन्तर्गत १४७८ सेवाग्राहीले सेवा लिएका छन् भने ८१११ पशुपन्छीहरुको उपचार तथा परामर्श गरिएको छ।प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्न यसै आ.व.मा ४५ वटा गोठ सुधार कार्यक्रम सम्पन्न भएको छ।
- सुशासन पारदर्शिता र जवाफदेहिताको लागि कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिबृद्धिका लागि पाँचओटै वडाका जनप्रतिनिधि, कर्मचारी, वडा स्तरमा रहेका वि.व्य.स. अध्यक्ष, प्र.अ. समेतको सहभागीतामा वडा स्तरमा तथा गाउँपालिका स्तरमा क्षमता अभिबृद्धि सम्वन्धि विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।



हेमराज चटौत
अध्यक्ष

- लक्षित कार्यक्रम तर्फ विभिन्न चालु आ.व. ०८०।०८१ मा दलित घरपरिवारको तथ्याङ्क संकलन गरि पाँच ओटै वडा कार्यालयबाट २५ जना र कार्यपालिकका सदस्य समेतको सहभागीतामा १ दिने सिप विकास तथा अभिमुखिकरण तालिम सम्पन्न गरिएको छ । महिलाहरुको गुणस्तरीय जीवन सुधारको लागि वडा स्तरीय अभिमुखिकरण कार्यक्रम संचालन, गाउँसभाका महिला सदस्य र महिला कर्मचारीहरुका लागि नेतृत्व विकास कार्यक्रम, लैङ्गिक हिंसा अत्यका लागि पुरुषको सहभागीतामा अभिमुखिकरण तालिम संचालन, वडा स्तरीय वाल सञ्जाल गठन तथा अभिमुखिकरण कार्यक्रम संचालन, अपाङ्गता परिचयपत्र वितरणका लागि शिविर संचालन तथा सहायक सामग्री वितरण तथा विभिन्न दिवसहरुमा सचेतना कार्यक्रम संचालन भएको छ ।
- न्यायीक समितिमा चालु आ.व.मा १ वटा उजुरी दर्ता भएको उक्त उजुरी फछ्यौट भई मेलमिलापकर्ताहरुको लागि ५ दिवसीय मेलमिलाप सम्वन्धी पुर्नःताजगी कार्यक्रम तालिम सम्पन्न भएको छ । वडा अध्यक्ष तथा मेलमिलापकर्ता समेतको सहभागीतामा ३ दिवसिय न्यायीक समितिको क्षेत्रधिकार तथा न्याय निरोपण सम्वन्धी ३ दिने तालिम सम्पन्न गरिएको छ ।
- सुरक्षित नागरिक आवस कार्यक्रम अन्तर्गत आ.व. २०७६।०७७ मा छनौट भएका लाभग्रहीहरुसँग चालु आ.व. २०८०।०८१ मा सुरक्षित आवास निर्माणको लागि सम्झौता भई २७ जनाले सुविधा प्राप्त गरेका छन्।
- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गराउने कार्य सम्पन्न भएको र असक्त अपाङ्ग तथा हिडडुल गर्न नसक्ने व्यक्तिको हकमा निजको संरक्षकले बैंकबाट बुझ्न सक्ने गरी आवश्यक व्यवस्था मिलाईएको छ ।
- समुदाय स्तरमा सरसफाई प्रवर्द्धनका क्रियाकलापहरु सक्रियता साथ संचालन गरि व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाईमा विशेष जोड दिइएको छ चालु आ.व.मा ५५१ च्याङ जुठ्यान निर्माण गरिएको छ ।वडा नं २ मा शौचालय नभएको १८ घर परिवारलाई शौचालय निर्माणको लागि आवश्यक सामग्री उपलब्ध गराईएको छ ।
- शिक्षामा गुणस्तर सुधारको लागि चालु आ.व.मा समेत गाउँपालिका अध्यक्ष र प्र.अ. बीच ३४ बुदे कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गरिएको, विद्यालयहरुमा हिउँदे बर्षे विदामा एकरुपता ल्याईएको, शैक्षिक योजना डायरी तथा होमवर्क डायरी वितरण गरिएको र अभिभावक शिक्षा कार्यक्रम संचालनमा ल्याईएको र प्रत्येक विद्यालयमा सूचना अधिकारी तथा पोषण सम्पर्क ब्यक्ति तोकिएको छ । सूचना अधिकारीको लागि २ दिने तालिम, प्रारम्भिक वालविकास सहजकर्ताहरुको लागि ५ दिने क्षमता विकास तालिम, आधारभूत तथा माध्यमिक तहमा गणित शिक्षण गर्ने शिक्षकहरुका लागि ५ दिने क्षमता विकास तालिम, प्राथमिक तहका शिक्षकहरुका लागि ५ दिने कष्टमाईज्ड तालिम, सूचना प्रविधि तथा EMIS सम्वन्धि २ दिने तालिम सम्पन्न गरिएको छ । विद्यालयको शैक्षिक तथा प्रशासनिक क्षमता अभिवृद्धिका लागि अन्तर विद्यालय भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ । बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत वडा नं. २ का सवै विद्यालयहरुमा नमूना करेशावारी स्थापना, ११ वटा विद्यालयमा पोषण कर्नर स्थापना र पोषण सम्पर्क शिक्षकहरुका लागि १ दिने तालिम समेत सम्पन्न गरिएको छ ।

उपस्थित महानुभावहरु,

अब म यस भागेश्वर गाउँपालिकाको आगामि आर्थिक बर्ष २०८१।०८२ का लागि गाउँकार्यपालिकाबाट सिफारिस भईगाउँ सभामा पेशहुन आएको बार्षिक नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु । गाउँपालिकाको नीनि तथा

